# बार्षिक प्रतिवेदन

## आ.व.२०७७/७८

प्रतिवेदनकर्ता

कमला राई

एम.आई.एस.अपरेटर

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना

दर्ता सुदृढीकरण आयोजना सेवा ईकाई

सिलीचोङ गाउँपालिका

२०७८/०४/०३

## पृष्ठभुमी

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ । जस अन्तर्गत जन्म,मृत्यु,विवाह,बसाईसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ । नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन,२०३३ आएपछि २०३४ बैशाख १ गते देखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिदै २०४७ बैशाख १ बाट नेपाल भर लागू भएको हो । हाल व्यक्तिगत घटना दर्ता कार्यक्रम विभागको सक्रियतामा स्थानीय तहहरुमार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तार भएको छ ।

मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पुरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समुहहरुलाई समान रुपमा लागू गरिएकोले यो सर्वव्यापी प्रकृतिको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ प्रणालीमार्फत गर्ने कार्य अघि बढिरहेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ ले सबै स्थानीय तहहरुको सम्पूर्ण लाभग्राहीहरुको विवरण सुचना व्यवस्थापन प्रणाली अर्थात :बलबनझभलत क्ष्लायचकबतष्यल क्थकतझ (MIS) Online मा प्रविष्ट गर्नुपर्ने,कानुन बमोजिम नाम दर्ता,लगत कट्टा र नविकरण गर्नुपर्ने भएकाले यस सिलिचोङ गाउँपालिकामा पनि १ जना एम.आई.एस.अपरेटर र २ जना फिल्डसहायकहरुको परिचालन गरी विगत २०७६ मंसिर ३ बाट नियुक्ति भई सिलीचोङ गाउँपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाको सेवा ईकाई सञ्चालन भएको छ । आर्थिक बर्ष २०७७/७८ को बजेटरी तथा गैह्रबजेटरी कार्यक्रमहरु निम्नानुसार सञ्चालन भएको प्रतिवेदन पेश गर्दछु ।

- **क्रियाकलापहरुको विवरण :**

| **क्र.सं.** | **क्रियाकलापको नाम** | **संख्या** | **बिनियोजित बजेट** | **खर्च बजेट** |
|---|---|---|---|---|
| **१** | सामाजिक सुरक्षा भत्ता नविकरण | ९३३ जना | | |
| **२** | सामाजिक सुरक्षा भत्ता नयाँ दर्ता | १५४ जना | | |
| **३** | सामाजिक सुरक्षा भत्ता लगत कट्टा | २२९ जना | | |
| **४** | व्यक्तिगत घटना दर्ता अफलाइन | २९४ जना | | |
| **५** | व्यक्तिगत घटना दर्ता अनलाइन | ५९९ जना | | |
| **६** | सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरणको लागि बैक सम्झौता | | | |
| **७** | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली सम्बन्धि २ दिने सहजीकरण कार्याशाला | १ पटक | ४८,३३३।- | १८,५०५।- |
| **८** | पुराना व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन | १४७५३ | १,५०,०००।- | **१,२३,४००** ।- |

| | | | | |
|---|---|---|---|---|
| | | वटा | | |
| ९ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर,प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | ५।५ वटा | ५,२५,०००।- | **४,९७,२००।-** |
| १० | आयोजना सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन, दर्ता सिविर सञ्चालन सम्बन्धि अभिमुखीकरण कार्याशाला तालिम कार्यक्रम सञ्चालन, गुनासो सुनुवाई सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन *(सहभागीहरु : हरेक वडाका जनप्रतिनिधि तथा पदधिकारीहरु, वडा सचिव तथा अन्य कर्मचारीहरु):* | १ पटक | ४८,३३३।- | **९,२७०।-** |
| ११ | दर्ता सिविर सञ्चालन सम्बन्धि अभिमुखीकरण कार्याशाला *( सहभागीहरु : छनौट भएको सेवा प्रदायकहरुको कर्मचारीहरु)* | १ पटक | ४८३३३।- | **२७,८२५।-** |
| १२ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ता सिविर सञ्चालन | १ पटक | ३,७२,०००।- | **३,१८,६७१।-** |
| १३ | आ.व. २०७७/७८ को सामाजिक सुरक्षा भत्ता वितरण | ३ पटक | ३३२२१०००।- | **३२६६५९७९।-** |
| | जम्मा | | | **३३६६०८५०।-** |

- **क्रियाकलाप सञ्चालनको विस्तृतिकरण**

**१. सामाजिक सुरक्षा भत्ता नविकरण,नयाँ दर्ता तथा लगत कट्टा :**

यस सिलीचोङ गाउँपालिकाका ५ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने व्यक्तिहरुको पहिचान गरी सम्बन्धित स्थानीय तहमा प्राप्त निवेदन प्रमाणित गराई व्यवस्थापन सूचना प्रणालीमा प्रबिष्टि  गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई अनलाईनमा आधारित लाभग्राहीहरुको सूचीको आधारमा प्रत्येक चौमासिकमा वितरण गरिन्छ । प्रत्येक महिना सम्बन्धित वडाहरुमा पारिचालित फिल्ड सहायकको माध्यमबाट निवेदन संकलन गर्ने, आर्थिक बर्षको श्रावण महिनाको १ गते देखि कार्तिक मसान्तसम्म सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने तथा अध्यवधिक गरी लगत कट्टा गर्ने गरिएको छ ।

**२.व्यक्तिगत घटना दर्ता अफलाइन तथा अनलाईन :**

यस सिलीचोङ गाउँपालिकाका ५ वटै वडाहरुमा यस आर्थिक बर्ष २०७७/७८ भरिमा भएका अफलाइन व्यक्तिगत घटना दर्ता अनलाइन घटना दर्ताको विवरण देहानुसार रहेको छ :

## अफलाइन व्यक्तिगत घटना दर्ता विवरण

| बिवरण | जन्म दर्ता | | | मृत्यू दर्ता | | | बिवाह दर्ता सङ्ख्या | बसाई सराई दर्ता | | | सम्बन्ध बिच्छेद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता सङ्ख्या | गएको परिवार सङ्ख्या | आएको परिवार सङ्ख्या | | |
| ३५ दिन भित्र | ७ | ५ | **१२** | ८ | १५ | **२३** | **२** | ३ | १६ | | १ | |
| १ वर्ष भित्र | ९ | ९ | **१८** | ८ | १२ | **२०** | **१८** | २ | ४ | ० | ० | |
| १ वर्ष माथि | ३९ | ४० | **७९** | १७ | १२ | **२९** | **६६** | २२ | १०५ | ० | ० | |
| **जम्मा** | **५५** | **५४** | **१०९** | **३३** | **३९** | **७२** | **८६** | **२७** | **१२५** | **०** | **१** | |

## अनलाइन व्यक्तिगत घटना दर्ता विवरण

जिल्ला : संखुवासभा गा.पा/न.पा. : सलीचोङ दर्ता मिति देख : २०७७-०४-०१ दर्ता मिति सम्म : २०७८-०३-३१

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | ववाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | ७८ | ९४ | १७२ | ११ | ५ | १६ | | १४ | | | ६ | ३१ | | २०८ |
| २ | ६७ | ७३ | १४० | २१ | १५ | ३६ | | २१ | | | ३ | ९ | | २०० |
| ३ | ६७ | ६७ | १३४ | १५ | ७ | २२ | १ | ३५ | | | ४ | १५ | | १९६ |
| ४ | ४१ | ४१ | ८२ | ७ | १० | १७ | | ९ | | | २ | ३ | | ११० |
| ५ | २६ | ३३ | ५९ | ६ | ५ | ११ | | १३ | १ | २ | १ | ४ | | ८५ |
| जम्मा | २७९ | ३०८ | ५८७ | ६० | ४२ | १०२ | १ | ९२ | १ | २ | १६ | ६२ | ० | ७९९ |

## ३. सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणालीबाट वितरणको लागि बैक सम्झौता :

**नेपाल** सरकारको आ.व. २०७३/७४ बजेट वक्तव्यबाट 'सबै प्रकारका सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणालीबाट वितरण गर्नुपर्नेछ' भन्ने नीतिगत व्यवस्था गरेको थियो । परम्परागत प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा यदाकदा रकम लक्षित नागरिक सम्म नपुगेको, दुरुपयोग भएको हुनाले अनिवार्य रुपमा बैकिङ प्रणाली अपनाई भत्ता वितरण गर्नुपर्ने नेपाल सरकारको नीतिअनुसार यस सिलीचोङ गाउँपालिकाले पनि त्यही नीति अवलम्बन गरी मिति २०७७/०६/१६ गते एभरेष्ट बैक लिमिटेड सिलीचोङ शाखा बीच सम्झौता गरी आ.व.२०७७/७८ को पहिलो चौमासिकबाट सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ प्रणालीबाट सुरुवात गरेको छ ।

**सिलीचोङ गाउँपालिकाका ५ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामवाली**

| | पहिलो किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | |
|---|---|---|---|---|---|---|
| भत्ताको प्रकार | कायम सख्या | वितरण सख्या | कायम सख्या | वितरण सख्या | कायम सख्या | वितरण सख्या |
| जेष्ठ नागरिक | ६६६ | ६६४ | ६६७ | ६६६ | ६८१ | ६८० |
| जेष्ठ दलित नागरिक | ३२ | ३२ | ३२ | ३२ | ३४ | ३४ |
| जेष्ठ एकल नागरिक भत्ता | १३७ | १३७ | १३६ | १३६ | १३६ | १३६ |
| विधवा | १३७ | १३६ | १३८ | १३६ | १३४ | १३३ |
| क वर्ग | २० | २० | २२ | २२ | २१ | २१ |
| ख वर्ग | ३४ | ३४ | ३९ | ३९ | ४१ | ४१ |
| दलित बालबालिका | ४२ | ४२ | ४२ | ४२ | ४० | ४० |
| **जम्मा** | **१०६८** | **१०६५** | **१०७६** | **१०७३** | **१०८७** | **१०८५** |

**४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली सम्बन्धि २ दिने सहजीकरण कार्याशाला सञ्चालन :** जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ तथा त्यसको कार्यान्वयनको लागि बनेको नियमावली, २०३४ को प्राबधान बमोजिम जन्म, मृत्यु, विवाह, बसाइसराई र सम्बन्ध विच्छेद गरी ५ प्रकारका घटना दर्ता गराउनु पर्ने प्रावधान छ । गाउंपालिका तथा नगरपालिकाको वडास्तरमा स्थानीय पञ्जिकाधिकारीको कार्यालय स्थापन गरी व्यक्तिगत घटना दर्ता हुँदै आएको सन्दर्भमा नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार सन् २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । २०६८ सालको जनगणना अनुसार नेपालमा ६४ प्रतिशत मात्र समयमा दर्ता हुने गरेको तथ्यांक रहेको छ । दर्ता भएका घटनाको विश्लेषणबाट शासन सञ्चालन तथा विकास व्यवस्थापनको लागि आवश्यक तथ्यांकीय विवरणहरु उपलब्ध गराउने संस्थागत व्यवस्था कायम गर्न थप काम गर्नुपर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७३/७४ मा बाईस लाख भन्दा बढी लाभग्राहीलाई राज्यद्धारा उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ता लाभग्राहीको संख्या बढेसँगै यथार्थपरक ढंगले तोकिएको समयमा सहज तरिकाले वितरण गर्ने गरी सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्बन्धि कार्यलाई सुदृढीकरण गर्न आवश्यक देखिएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको दीर्घकालिन योजना समेतको आधारमा नेपाल सरकार र विश्व बैक बीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि यस सिलीचोङ गाउँपालिकाका ५ वटै वडाका ५ जना वडा सचिव तथा प्रत्येक वडा कार्यालयमा कार्यरत ५ जना कर्मचारीहरुलाई २ दिनको सहजीकरण कार्याशाला Vital Event Registration Social Protection Management Information System (VERSP-MIS)online बारे सिलीचोङ गाउँपालिकाको कार्यालयमा मिति २०७७/०६/२५ र २६ मा सञ्चालन गरिएको छ । यस कार्याशालामा ख्क्ष्क्ए(:क्ष्व यलष्लिभ बाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ता, नविकरण तथा लगत कट्टा कसरी गर्ने बारे एम.आई.एस.अपरेटर तथा फिल्डसहायकहरुको प्रशिक्षणबाट यस गाउँपालिकाका प्रत्येक वडाका वडा सचिवहरुले अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्न सुरु गर्नु भएको छ ।




वडा सचिवहरुलाई सामाजिक सुरक्षा तथा पञ्जिकरण बारे प्रशिक्षण गर्नु हुँदै प्रमुख प्रशासकीय अधिकृत श्री *रामराज पौडेल*।

**५. पुराना व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन :** सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत स्थानीय तहमा भएका सम्पूर्ण अफलाईन दर्ता भएका व्यक्तिगत घटना दर्ताहरुलाई डिजिटाईजेसन (पुराना व्यक्तिगत घटना दर्ता किताबका विवरणहरुलाई जस्ताको तस्तै अनलाइनमा दर्ता गर्ने कार्य) का लागि प्रचलित खरिद विधि बमोजिम ७ दिनको सुचना प्रकाशनबाट आवेदक व्यक्ति छनौट गरी २ जना सहायक कम्प्युटर अपरेटरहरुको नियुक्ति गरी मिति २०७७ पौष १ बाट सुरु भई फाल्गुण २५ गते सिलीचोङ गाउँपालिका भरिका सम्पुर्ण पुराना व्यक्तिगत घटना दर्ता किताबमा भएका १३३७८ वटा विवरणहरु डिजिटाईजेसनको कार्य सम्पन्न थियो । मकालु गाउँपालिकाको मिति २०७८/०३/०७,च.नं.२११४ अनुसार सिलीचोङ गाउँपालिका वार्ड नं. ५ का व्यक्तिगत घटना दर्ता डिजिटाईज गर्न बाँकी रहेको हुनाले पुनः जम्मा १३७५ वटा विवरणहरु मिति २०७८/०३/१६ गते डिजिटाईजेसन गर्ने कार्य सम्पन्न भएको छ ।

**६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर,प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद :** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई यस गाउँपालिकाको ५ वटै वडाहरुमा प्रभावकारी, सरल, सहज सञ्चालन गर्नको लागि प्रचलित खरिद विधि अपनाई खरिद गरी प्रत्येक वडा कार्यालयहरुमा हस्तान्तरण गरिनेछ । उक्त सामग्रीहरु देहायनुसारको परिमाणमा खरिद सम्पन्न  गरिएको छ :

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | डेक्सटप कम्प्युटर | ५ वटा |
| २ | प्रिन्टर | ५ वटा |
| ३ | स्क्यानर | ५ वटा |
| ४ | पेनड्राइभ | १० वटा |

**७. आयोजना सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन, दर्ता सिविर सञ्चालन सम्बन्धि अभिमुखीकरण कार्याशाला तालिम कार्यक्रम सञ्चालन, गुनासो सुनुवाई सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन** *(सहभागीहरु : हरेक वडाका जनप्रतिनिधि तथा पदधिकारीहरु, वडा सचिव तथा अन्य कर्मचारीहरु):* नेपाल सरकारले गरेको अर्न्तराष्ट्रिय प्रतिबद्धता अनुसार सन् २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउने लक्ष्य अनुरुप राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको दीर्घकालिन योजना समेतको आधारमा नेपाल सरकार र विश्व बैक बीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा यस आयोजनाको बारेमा विस्तृत जानकारी तथा घटना दर्ता सञ्चालन के कसरी गर्ने तथा विभिन्न ऐन तथा नियमावली बारे जानकारी दिनको

लागि परिचयपत्र तथा पञ्जिकरण विभागका सञ्चार अधिकृत श्री सरस्वती भट्टराईले मिति २०७७ चैत्र २९ गते यस सिलीचोङ गाउँपालिकामा कार्यरत कर्मचारी, गा.पा. अध्यक्ष, वडा अध्यक्ष, जनप्रतिनिधि तथा वडा सचिवहरुलाई १ दिने अभिमुखीकरण कार्यक्रममा प्रशिक्षण गर्नु भएको थियो । सोही अभिमुखीकरण कार्यक्रम मार्फत नेपाल सरकारको लक्ष्यलाई पुरा गर्नको लागि राष्ट्र व्यापी घटना दर्ता अभियान यहि मिति २०७८ साल बैशाख १ देखि १६ गते सञ्चालन हुने अवसरमा यस गाउँपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्नको लागि आवश्यक प्रकृया अगाडि बढाई सो अभिमुखीकरण कार्यक्रमको सम्पन्न भएको थियो ।

**८. दर्ता सिविर सञ्चालन सम्बन्धि अभिमुखीकरण कार्याशाला** *(सहभागीहरु : छनौट भएको सेवा प्रदायकहरुको कर्मचारीहरु) :* नेपाल सरकारले सन् २०२४ सम्ममा जन्म दर्ता शत प्रतिशत पुऱ्याउने र अन्य व्यक्तिगत घटना दर्तामा उल्लेख्य रुपमा वृद्धि गर्ने अन्तराष्ट्रिय प्रतिबद्धता पुरा गराउनको लागि व्यक्तिगत घटना दर्तालाई नागरिकको कर्तव्यको रुपमा स्थापित गराउँदै घटना दर्तालाई व्यापक रुपमा विस्तार गर्ने उद्धेश्यले यस सिलीचोङ गाउँपालिकाले मिति २०७८/०६/१८ गते सम्म व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्नको लागि प्रत्येक वडाका ३/३ जना प्रविणत तह उर्त्तीण विवरण संकलकहरुको नियुक्ति गरी सो शिविर कहाँ, कसरी, के का लागि, कस्ता कस्ता घटना दर्ता गराउने जस्ता विविध विषयमा जानकारी दिई २ दिने विवरण संकलहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । सो अभिमुखीकरण कार्यक्रमका सहभागी वा विवरण संकलकहरुको नामावाली देहायनुसार रहेको छ :

| क्र.सं. | विवरण संकलकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | राधा कुलुङ राई | सिलीचोङ गा.पा. १ | |
| २ | अशोक राई | सिलीचोङ गा.पा. १ | |
| ३ | अरिता कुलुङ | सिलीचोङ गा.पा. १ | |
| ४ | पुरन राई | सिलीचोङ गा.पा. २ | |
| ५ | शिल्पा राई | सिलीचोङ गा.पा. २ | |
| ६ | आरती कुलुङ | सिलीचोङ गा.पा. २ | |
| ७ | प्रमिला राई | सिलीचोङ गा.पा. ३ | |
| ८ | अकविला राई | सिलीचोङ गा.पा. ३ | |
| ९ | पविना कुमारी राई | सिलीचोङ गा.पा. ३ | |
| १० | अञ्जना राई | सिलीचोङ गा.पा. ४ | |
| ११ | सविना राई | सिलीचोङ गा.पा. ४ | |
| १२ | निशा राई | सिलीचोङ गा.पा. ४ | |
| १३ | मिलन कुमार राई | सिलीचोङ गा.पा. ५ | |
| १४ | अनन्द देवी राई | सिलीचोङ गा.पा. ५ | |
| १५ | थोमन नाछिरिङ राई | सिलीचोङ गा.पा. ५ | |



विवरण संकलकहरुलाई प्रशिक्षण गर्नु हुँदै वडा सचिव श्री *भद्र बहादुर राई*

**९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ता सिविर सञ्चालन :** राष्ट्र व्यापी घटना दर्ता अभियान यहि मिति २०७८ साल बैशाख १ देखि १६ गते सम्म सञ्चालन भईरहेको अवसरमा यस गाउँपालिका भरिका विभिन्न वडाहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्नको लागि २ दिने अभिमुखीकरण कार्यक्रम गाउँपालिकाले सञ्चालन पछि ५ वटै वडाहरुबाट शिविर केन्द्रहरु निर्धारण गरी ३/३ जना प्रविणता तह उत्तीर्ण गरेका विवरण संकलकहरु सम्बन्धित वडाबाट सिफारिस भई मिति २०७८ बैशाख ६ देखि १८ सम्म गते प्रत्येक वडाहरुमा सो शिविर कार्यक्रम सम्पन्न भएको छ । सो शिविरमा विभिन्न वडाका वडाध्यक्ष, जनप्रतिनिधि, फिल्डसहायक तथा अन्य कर्मचारीहरुको सहयोग तथा अनुगमनबाट शिविर सफल भएको थियो । उक्त शिविर सञ्चालनको लागि स्थानीय स्तरका एफ.एम.हरुबाट शिविर केन्द्रहरुको सुचना प्रसारण तथा शिविर सामग्रीहरुको प्रयोग गरी प्रचार प्रसारको कार्य गरिएको थियो । उक्त व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविरमा भएको कार्य प्रगातिको विवरण देहायबमोजिम रहेको छ :

**सामाजिक सुरक्षा**

| क्र.सं. | सामाजिक सुरक्षा भत्ताको किसिम | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जेष्ठ नगारिक | जेष्ठ दलित | जेष्ठ एकल | विधवा महिला | पुर्ण अपाङ | अति अशक्त अपाङ | दलित बालबालिका |
| १ | १९ | ४ | | १ | ३ | १० | |
| **जम्मा** | **१९** | **४** | | **१** | **३** | **१०** | |

## व्यक्तिगत घटना दर्ता

| विवरण | व्यक्तिगत घटना दर्ता | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई | | | सम्बन्ध बिच्छेद | |
| | म | पु | जम्मा | म | पु | जम्मा | | दर्ता सं | गएको सं | आएको सं | | |
| ३५ दिन भित्र | १ | २ | ३ | २ | ३ | ५ | ३ | ११ | | | | |
| १ बर्ष भित्र | २७ | ३३ | ६० | ६ | ४ | १० | ११ | ० | | | | |
| १ बर्ष भन्दा माथि | १५८ | १५० | ३०८ | १५ | २३ | ३८ | ४६ | ० | | | | |
| **जम्मा** | **१८६** | **१८५** | **३७१** | **२३** | **३०** | **५३** | **६०** | **११** | | | | |

## गुनासो दर्ता

| क्र.सं. | सामाजिक सुरक्षा भत्ता सम्बन्धि | व्यक्तिगत घटना दर्ता सम्बन्धि | आयोजना सम्बन्धि(अन्य) |
|---|---|---|---|
| | ९ | ५ | २ |

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन तथा अनुगमनका केही झलकहरु







दर्ता शिविर
सामाजिक सुरक्षा कार्यक्रम
AI QUAD CAMERA
Shot by ASHES AMOS AKWILA


दर्ता शिविर
व्यक्तिगत घटना दर्ता
सामाजिक सुरक्षा कार्यक्रम


दर्ता शिविर


दर्ता शिविर
व्यक्तिगत घटना दर्ता
सामाजिक सुरक्षा कार्यक्रम


दर्ता शिविर
व्यक्तिगत घटना दर्ता
सामाजिक सुरक्षा कार्यक्रम


दर्ता शिविर

## १०. आ.व. २०७७/७८ को सामाजिक सुरक्षा भत्ता वितरण :

| क्र.सं. | भत्ताको प्रकार | निकासा तथा जम्मा रकम | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | |
| | | निकासा रकम | जम्मा रकम | निकासा रकम | जम्मा रकम | निकासा रकम | जम्मा रकम |
| १ | जेष्ठ नगारिक भत्ता | ७९४९६०० | ७९४९००० | ७८३९७३१ | ७८३३७३१ | ८००५४१३ | ७९८९७३६ |
| २ | जेष्ठ एकल नगारिक भत्ता | १०८८००० | १०८८००० | १०७२००० | १०७२००० | १०८४००० | १०८४००० |
| ३ | पुर्ण अपाङगता भत्ता | २४०००० | २४०००० | २५२००० | २५२००० | २५२००० | २५२००० |
| ४ | अति अशक्त अपाङगता भत्ता | २१६००० | २१६००० | २४९६०० | २५०१०० | २४९६०० | २४९६०० |
| ५ | विधवा महिला भत्ता | १०८८००० | १०८०००० | १०९८००० | १०८२००० | १०६५२२६ | १०५७२२६ |
| ६ | दलित बालबालिका भत्ता | ६६२३२ | ६६२३२ | ६२८९६ | ६२८९६ | ६३४५८ | ६३४५८ |
| ७ | दलित जेष्ठ नगारिक भत्ता | २५६००० | २५६००० | २५६००० | २५६००० | २६६००० | २६६००० |
| | **जम्मा** | **१०९०३८३२** | **१०८९५६३२** | **१०८३०२२७** | **१०८०८७२७** | **१०९८५६९७** | **१०९६२०२०** |

## रकम निकासा तथा जम्माको विवरण

| चौमासिक | सामाजिक सरक्षा भत्ता रकम | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पेश्कि निकासा | चेक रकम | जम्मा रकम | फिर्ता रकम | |
| पहिलो चौमासिक | १०९०३८३२।० | १०९०३८३२।० | १०८९५२३२।० | ८६००।० | |
| दोस्रो चौमासिक | १०८३०२२७।० | १०८३०२२७।० | १०८०८७२७।० | २१५००।० | |
| तेस्रो चौमासिक | १०९८५६९७।० | १०९५५५९७।० | १०९६२०२।० | २३६७।० | |
| जम्मा | **३२७१९७५६।०** | **३२६८९६५६।०** | **३२६६५९७९।०** | **५३७७।०** | |

- **समस्या** : सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनलाइनबाट हुने भएकाले प्रत्येक वडाहरुमा नेट जडान भएता पनि प्रभावकारी रुपमा काम गर्न नसकेको हुँदा कार्य सम्पन्न गर्न असहज भएको ।

- **सुझाव** :समयसमयमा गाउँपालिका स्तरबाट अनुगमन भएमा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न सकिनेछ ।

प्रतिवेदक
कमला राई
एम.आई.एस.अपरेटर
२०७८/०४/०४